# नेपाल सरकार र चुरे भावर प्रदेश एकता समाज, नेपालबीच भएको सहमति

| २०६४ आश्विन १५ र २७ गते भएका छलफलको आधारमा २८ गते सम्पन्न सहमति |
|---|

**२०६४/०५/२७ गते शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा सरकारी वार्तटोली र चुरे भावर प्रदेश एकता समाज नेपालवीच चौथो चरणको वार्ता सौहार्द्रपूर्ण वातावरणमा वार्ता भई देहाय अनुसारको सम्झौता सम्पन्न भयो :-**

१. चुरे भावर आन्दोलनको क्रममा धनुषा जिल्लाको यज्ञभूमि गाउँ विकास समितिमा भएको घटनाको क्रममा कर्तव्य ज्यान मुद्दा लागी गिरफ्तार भएका समाजका नौ जना कार्यकर्ताहरुको मुद्दा फिर्ता लिन आवश्यक कानूनी प्रक्रिया अगाडि बढाउने र सो सन्दर्भका अन्य मुद्दा र वारेन्ट समेत खारेज गर्ने ।

२. सुरक्षाका कारणले सदरमुकाममा गई सरकारी निकायवाट सेवा प्राप्त गर्ने कार्यमा भैरहेको असुविधालाई ध्यानमा राखी तत्काल जनतालाई सेवा उपलब्ध गराउन प्रवन्ध मिलाउने ।

३. चुरे भावर प्रदेश एकता समाजको आन्दोलनमा सर्लाहीको ढुंगे खोलामा प्रहरीको गोली लागी सहादत प्राप्त गर्ने मंगलबहादुर गुर्मछानका परिवारलाई रु १० लाख राहत उपलब्ध गराउने सरकारी निर्णय तत्काल कार्यान्वयन गर्ने । उक्त आन्दोलनमा घाइते हुन पुगेका र उपचार हुन बाँकी चुरे भावर प्रदेश एकता समाजका उपाध्यक्ष लगायतका व्यक्तिहरुको उपचारको समुचित प्रवन्ध मिलाउने ।

४. तराइका विभिन्न सशस्त्र समूहको हमलामा परी मृत्यु हुन गएका व्यक्तिका परिवारहरुलाई पनि अरु सरह राहत उपलब्ध गराउने कार्यलाई निरन्तरता दिने ।

५. चुरे भावर प्रदेशमा विगतमा भएका आन्दोलनको क्रममा घटेका घटनाहरुको बारेमा छानविन गर्न तराई घटनाहरुको बारेमा छानविन गर्न गठित आयोगलाई नै थप जिम्मेवारी दिइएको हुँदा यस विषयमा उक्त आयोगलाई समयमा नै कार्य सम्पादन गर्न आवश्यक सहयोग पुऱ्याउने । र प्रतिवेदनको आधारमा सो क्षेत्रमा हुन गएको धनजनको क्षति उपर उपयुक्त कारवाही गरी सम्बन्धित व्यक्तिहरुलाई राहत उपलब्ध गराउने कार्य समेत गर्ने ।

६. राज्यको पुन:संरचना गर्दा नेपालको सार्वभौमसत्ता राष्ट्रिय एकता र अखण्डतालाई सुदृढ हुने गरी संविधानसभाले निर्धारण गरे बमोजिम स्वायत्ततायुक्त संघीय शासन प्रणाली कायम गर्ने ।

७. चुरे भावर क्षेत्र भित्रका विकास निर्माणका काम, बनसँग सम्बन्धित काम ढुंगा, बालुवा, गिट्टी, माटो आदि ठेक्का वन्दोवस्त गर्ने विषयमा स्थानीय निकायसँग सहमति कायम गराई कार्य सम्पादन गर्ने ।

८. तराई/मधेश, पहाड, हिमाल सवै क्षेत्रका जनतालाई आपसी सद्भाव खलवलिन नदिन र आपसी समझदारी विकसित गराई राष्ट्रिय एकता र अखण्डतालाई सुदृढ गराउन सवै पक्ष क्रियाशील रहने ।

This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com

९. आगामी मंसीर ६ गते हुन गइरहेको संविधानसभाको निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन चुरे भावर प्रदेश एकता समाजको तर्फवाट पूर्ण प्रतिवद्धता व्यक्त गर्दै आन्दोलनका सम्पूर्ण कार्यक्रमहरु फिर्ता लिइएको छ ।

| | |
|---|---|
| ........................ | ........................ |
| **केशव प्रसाद मैनाली** | **रामचन्द्र पौडेल** |
| **अध्यक्ष** | **संयोजक** |
| **चुरे भावर प्रदेश एकता समाज, नेपाल** | **सरकारी वार्ताटोली** |

**मिति :** २०६४/०५/२७

This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com